मानवअधिकार अनुगमनका लागि

मानवअधिकार सन्धि अनुगमन तथा तथ्य सङ्कलन

# निर्देशिका

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति

इमेल: hrtmcc@hrtmcc.org, वेब साइट: www.hrtmcc.org

**मानवअधिकार अनुगमनका लागि**

**मानवअधिकार सन्धि अनुगमन तथा तथ्य सङ्कलन**

# निर्देशिका


**प्रकाशन मिति** : चैत २०६५

**सङ्ख्या** : २ हजारप्रति

**प्रकाशक** : मानवअधिकार सन्धि अनुगमन समन्वय समिति



**सर्वाधिकार** : मानवअधिकार सन्धि अनुगमन समन्वय समिति



**लेखन** : अधिवक्ता रविन्द्र भट्टराई, अधिवक्ता हेमाङ्ग शर्मा

**आवरण/लेआउट** : गीता माली

**मुद्रक** : इन्द्रेणी अफसेट प्रेस, अनामनगर
फोन नं. ४६६०५३३, ४७७१४४८

# भूमिका

राज्यले अनुमोदन गरेका मानवअधिकार सन्धिहरूको कार्यान्वयन अनुगमन, मानवअधिकार उल्लङ्घनको अनुगमन र प्रलेखीकरण मानवअधिकार सङ्घसंस्थाहरूको प्रमुख कार्य तथा जिम्मेवारी हो।

मानवअधिकार उल्लङ्घनको अनुगमनको केन्द्रविन्दु रहेको प्रलेखीकरणको कार्यमा सघाउ पुऱ्याउन र मानवअधिकार सन्धि अनुगमन समन्वय समितिका सदस्य संस्थाका साथै मानवअधिकार अभियानमा संलग्न अन्य संस्थाहरूको कार्यलाई अझ बढी प्रभावकारी र सुदृढ बनाउने उद्देश्य रहे अनुरूप मानवअधिकार उल्लङ्घनका घटनाहरूको अनुगमन प्रक्रिया, प्रलेखीकरण र प्रसारमा एकरूपता ल्याउन तथा व्यवस्थित ढङ्गले ती कार्य सम्पादन गर्न यो निर्देशिका तयार गरिएको हो।

समितिले स्थापनाकालदेखि नै यससँग आबद्ध संस्था तथा अन्य मानवअधिकारकर्मीहरूलाई मानवअधिकार उल्लङ्घन सम्बन्धमा गरिने स्थलगत अध्ययन/अनुगमन, प्रलेखीकरण र प्रसार तथा सन्धि अनुगमन सम्बन्धमा ज्ञान र सीपमूलक तालिम सञ्चालन गर्दै आएको छ। यसै क्रममा सन्धि अनुगमन, स्थलगत अध्ययन/अनुगमन, प्रलेखीकरण र प्रसारका सम्बन्धमा आधारभूत तत्त्वहरूको एकै ठाउँमा समावेश गर्न आवश्यक भएकाले 'मानवअधिकार सन्धि अनुगमन तथा तथ्य सङ्कलन निर्देशिका' तयार गरिएको हो।

यस निर्देशिकाको तयारीमा संलग्न अधिवक्ताद्वय रवीन्द्र भट्टराई र हेमाङ्ग शर्मा विशेष धन्यवादका पात्र हुनुहुन्छ। यसको तयारीका लागि सम्पूर्ण संयोजन गर्नुहुने समितिका कार्यक्रम संयोजक विद्या चापागाईंका साथै साजसज्जाका निम्ति इन्सेक डेस्कटप अधिकृत गीता माली धन्यवादका पात्र हुनुहुन्छ।

मानवअधिकार उल्लङ्घनका घटनाहरूको व्यवस्थित तवरले प्रलेखीकरण गर्न मानवअधिकार सङ्घसंस्थाहरूलाई सघाउ पुऱ्याउने आशा गर्दै सदाझैँ यहाँहरू सबैको सल्लाह तथा सुझाव पाउने अपेक्षा राखेको छु।

चैत २०६५

**सुबोधराज प्याकुरेल**

अध्यक्ष

सचिवालय मानवअधिकार सन्धि अनुगमन समन्वय समिति

# सारसन्देश

मानवअधिकारबिना मानवजीवन सार्थक नहुने भएकाले यो सबैको सरोकारको विषय हो। सबै मानवअधिकार अविभाज्य, एकआपसमा अन्तरनिभर छन्। अत: मानवअधिकार विश्वव्यापक हुन्छन्। यिनलाई विश्वसमुदायले संयुक्त राष्ट्रसङ्घको साझा छानाभित्रबाट स्वीकार र लेखबद्ध गर्दै ल्याएको छ। विश्वसमुदायका लोकतान्त्रिक राज्यहरू मानवअधिकारमा आधारित कानुनको शासनमा आधारित भएर चल्छन्। यस अर्थमा मानवअधिकार समाज व्यवस्थापनको आधारभूत मान्यता र सर्त हो। यस कारण मानवअधिकारको अनादर गर्ने हर्कत राज्य वा व्यक्तिविशेषले पनि गर्न पाउँदैन।

नेपाल राज्य र सरकारले पनि मानवअधिकारको अनादर नगर्ने सङ्कल्प बारबार घोषणा गर्दै आएको छ। तथापि, व्यवहारमा नेपाल विश्वमै धेरै मानवअधिकार हनन हुने राज्यहरूको पङ्क्तिमा रहेको छ। यातना, बेपत्ता, विस्थापन, अपहरण, गैरन्यायिक थुनछेक र ज्यादती, भोकमरी, शिक्षाबाट वञ्चिती, जातीय र लैङ्गिक आधारमा थिचोमिचोको परम्पराजस्ता मानवअधिकार हननका शृङ्खला नेपालका लागि कुनै नौला विषय रहेका छैनन्।

यस्तो अवस्थामा नेपालमा कार्यरत निकाय र संस्थाहरूले घटनाका बारेमा सत्यतथ्य पत्ता लगाउने, तथ्यविवरण सङ्कलन गर्ने, पीडितलाई न्याय दिलाउन र पीडकलाई कारबाही गर्न दबाब दिने र मानवअधिकारका अनुबन्ध र महासन्धिहरूको कार्यान्वयनको अनुगमन गर्ने काम गरिरहेका छन्। यी र यस्ता कामलाई सुगठित, व्यवस्थित र समन्वयपूर्ण बनाउनका लागि मानवअधिकार सन्धि अनुगमन समन्वय समिति क्रियाशील रहँदै आएको छ। समन्वय समितिले सम्पादन गर्ने कामलाई सजिलो बनाउने एक सहायक सामग्रीका रूपमा यो निर्देशिका तयार पारिएको हो।

यो निर्देशिकालाई तीन भागमा विभाजन गरिएको छ। पहिलो भागमा परिचयात्मक सामग्रीहरू राखिएका छन्। यसभित्र यो निर्देशिका कुन सन्दर्भमा बनाइयो ? उद्देश्यहरू के के हुन् ? र, कसले प्रयोग गर्न सक्छन् ? भन्ने विषयवस्तु समेटिएका छन्। दोस्रो भागमा मानवअधिकार र सन्धि अनुगमनसँग सम्बन्धित सामग्रीहरू राखिएका छन्। यसभित्र मानवअधिकारको आधारभूत अवधारणा, मानवअधिकार अनुगमनको

अभिप्राय के हो ? मानवअधिकार सन्धिको अनुगमन कसरी गर्ने ? वैकल्पिक प्रतिवेदन के हो ? केमा आधारित हुनुपर्छ ? र, नेपालमा राज्य र गैरसरकारी संस्थाहरूबाट हुने अनुगमनसम्बन्धी आधारभूत जानकारी समावेश गरिएको छ।

तेस्रो भागमा मानवअधिकार तथ्य सङ्कलन र निरूपण गर्ने विधिका बारेमा जानकारी र निर्देशन राखिएको छ। जसमा तथ्य सङ्कलन किन गरिन्छ ? कसरी गर्ने ? प्रतिवेदन कसरी तयार पार्ने ? र, के प्रयोजनका लागि यो बनाइन्छ भन्ने विषयमा विभिन्न जानकारी गराइएको छ।

मानवअधिकारको अनुगमन तथ्य सङ्कलन र निरूपण गर्ने काममा लागेको जोसुकै व्यक्तिका लागि सहायक सामग्रीका रूपमा यो निर्देशिका तयार गरिएको छ। मानवअधिकारको अभिलेखन, वकालत, न्यायिक कारबाही प्रक्रियामा क्रियाशील संस्थाहरूले यसको प्रयोग गर्न सक्छन्। मूलत: मानवअधिकारका घटना अभिलेखीकरण गर्ने र सन्धिको अनुगमन गरी वैकल्पिक प्रतिवेदनको संयोजन गर्ने जनशक्तिका लागि यसले पथ प्रदर्शन गर्नेछ। व्यावहारिक प्रयोगको कसीमा नघोटिएसम्म यो के कति उपयोगी र प्रभावकारी हुन्छ ? अनुमान गर्न सकिन्न। यसैले यसको प्रयोग गरेर यसमा रहेका अपूरा पक्षको जानकारी प्राप्त भएमा भविष्यमा यसलाई अझ व्यवस्थित बनाउने प्रयास गर्न सकिन्छ। यसैले प्रयोक्ताका अनुभवहरू समन्वय समितिलाई उपलब्ध गराइदिनुभए कृतज्ञ हुनेछौं।

**अधिवक्ता रविन्द्र भट्टराई**
**अधिवक्ता हेमाङ्ग शर्मा**

# विषयसूची

**खण्ड १ : परिचय**

१.१. सन्दर्भ १

१.२. उद्देश्य ३

१.३. निर्देशिका प्रयोग गर्ने तरिका ३

**खण्ड २ : मानवअधिकार र सन्धि अनुगमन**

२.१. मानवअधिकार के के हुन् ? ५

२.२. मानवअधिकार कसरी लागू हुनुपर्ने मानिन्छन् ? ७

२.३. मानवअधिकारको अनुगमन ९

२.४. मानवअधिकार सन्धि अनुगमन १०

२.५. वैकल्पिक प्रतिवेदन के हो र केमा आधारित हुनुपर्छ ? १३

२.६. राष्ट्रियस्तरमा नेपालमा मानवअधिकार सन्धि अनुगमन १५

क. राज्यगत अङ्गबाट सन्धि अनुगमन १५

ख. गैरसरकारी संस्थाबाट अनुगमन १६

**खण्ड ३ : मानवअधिकारसम्बन्धी तथ्य सङ्कलन**

३.१. तथ्य सङ्कलनका आधारभूत तत्त्व १७

३.१.१. तथ्य सङ्कलनको प्रयोजन १७

३.१.२. तथ्य सङ्कलनका स्वरूप १८

३.१.३. तथ्य सङ्कलन कार्यका अनिवार्य तत्त्व १९

३.२. तथ्याङ्कको स्रोत प्रमाणका तह र सम्बद्धता २०

३.२.१. सूचनाको छनक प्राप्ति र स्रोतहरूको पहिचान २०

३.२.२. प्रारम्भिक सूचनाको विश्लेषण र तथ्य सङ्कलनका लागि योजना २१

३.२.३. स्थलगत भ्रमण वा अवलोकन २२

३.३. तथ्य सङ्कलनका व्यावहारिक समस्या र त्यसउपर गरिने समाधानका प्रयासहरू २५
३.३.१. मानवअधिकार उल्लङ्घन भएको क्षेत्र घटना वा विषयसम्मको पहुँचमा बाधा २५
३.३.२. तथ्य सङ्कलकको सुरक्षामाथिको त्रास २६
३.३.३. सरोकारवाला र देख्ने-जान्नेको सूचना दिनमा अनिच्छा २७
३.३.४. पीडित र साक्षीको सुरक्षा २७
३.३.५. अवास्तविक सूचनाको सङ्कलन २७
३.३.६. मानवअधिकार चेतनाको कमी २८
३.३.७. तथ्य सङ्कलनका लागि सीप र स्रोतसाधनको कमी २८
३.४. तथ्य सङ्कलन गर्ने तरिकाहरू २९
३.४.१. अवलोकन २९
३.४.२. अन्तर्वार्ता २९
३.४.३. अन्तरक्रिया ३१
३.४.४.दसी प्रमाण सङ्कलन ३२
३.४.५. तोकिएका समूहसँग छलफल ३२
३.५. विश्लेषण र प्रतिवेदन ३२
३.५.१. विश्लेषण ३२
३.५.२. प्रतिवेदन ३३

**अनुसूचीहरू**

*अनुसूची १ :* प्रमुख अध्यालेखहरूका प्रावधानको सारसङ्क्षेप ३६
*अनुसूची २ :* एपीटी मार्गदर्शन भाग २ को भावानुवाद ४९

१

खण्ड

# परिचय

### १.१. सन्दर्भ

मानवअधिकार आजको विश्व समुदायको साझा चासो र सम्मानको विषय हो। राज्य व्यवस्था र शासन प्रणालीको आधारभूत सर्त भनेकै मानवअधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने हो। विश्वका अधिकांश मुलुकहरूले संयुक्त राष्ट्रसङ्घलाई तिनको साझा अन्तर्राष्ट्रिय मञ्चको आधिकारिक निकाय बनाएका छन्। संयुक्त राष्ट्रसङ्घले मानवअधिकारको पालना नै स्वतन्त्रता, न्याय र शान्तिको आधारशीला मानेको छ। राज्यको मूलभूत लक्ष्य नागरिकका हकहरूको सुरक्षा गर्दै भौतिक, मानसिक तथा सामाजिक सन्तुष्टिहरूको समान भागिदार बनाउँदै तिनको शान्तिपूर्ण, सहज र प्रगतिमुखी जीवनपद्धतिका लागि टेवा प्रदान गर्नु हो। यसकारण मानवअधिकारलाई लोकतन्त्रको धरातल, कानुनी राज्यको आधार र नागरिक स्वतन्त्रता तथा सुरक्षाको मेरुदण्ड मानिन्छ।

मानवअधिकारका सारमूल्यहरू (अन्तरनिहित मानव मर्यादा, न्याय, भेदभावहीनता), समानता, सुनिश्चियता र विश्वव्यापकता (सर्वत्र, सदासर्वदा) हर व्यक्तिमा लागू हुन्छन्। विश्वका सबै भागमा व्यक्ति, समूह, सङ्गठन र सरकारहरू मानवअधिकारका वचनबद्धताहरूलाई यथार्थमा अनुवाद गर्नमा प्रयत्नशील रहेका छन्। यी सोचको उत्प्रेरणामा अनेक मानिसले ज्यान गुमाएका छन्।

यसो हुँदाहुँदै पनि सरकारहरू आफैँले इच्छापूर्वक स्वीकार गरेका अन्तर्राष्ट्रिय मान्यताहरूको क्रियान्वयनमा दत्तचित्त हुँदैनन्। यसले बारम्बार मानवअधिकारउपर उल्लङ्घन र ज्यादती हुने वातावरण बनाइराखेको छ। हिंसा, जातिवाद, वैदेशिक भयभाव,